प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौडा, मकवानपुर

## डिप्लोमा/प्रमाणपत्र तहको छुट संस्थाहरुको पूर्ण शूल्कीय भर्ना प्रकृयाको नतिजा प्रकाशन सम्वन्धि अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/०३

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७८/०४/३० र २०७८/०५/१८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित डिप्लोमा/प्रमाणपत्र तहको पूर्ण शूल्कीय तर्फको आवेदन फाराम भर्ने सम्वन्धि सूचना वमोजिम वागमती प्रदेश अन्तर्गत संचालित आंगिक, साझेदारी, सामुदायिक विद्यालयहरु र नीजि स्तरमा संचालन स्वीकृत पाएका शिक्षण संस्थाहरुले तोकिएको मिति र समयभित्र प्रवेश परीक्षा आवेदन फाराम भराई परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्पूर्ण प्रकृया पूरा गरि उल्लेखित सूचनाको वुदा नं ७ वमोजिम तयार गरी गोप्य रुपमा प्राप्त हुन आएको नतिजा परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन वमोजिम रुजु गरि परीक्षा उप समितिको मिति २०७८/०६/०९ मा वसेको वैठकबाट प्रकाशन गरिएकोमा केही संस्थाहरुको नतिजा सिट सो मितिमा प्राप्त हुन नसकि नतिजा प्रकाशन कार्य स्थगित रहेकोमा छुट संस्थाहरुको नतिजा सिट हाल प्राप्त भएकोले नियमानुसार प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ । सम्वन्धित शिक्षण संस्थाहरुले नतिजा तयार पार्ने क्रममा प्रशिक्षार्थीहरुको एस.एल.सी /एस.ई.ई./ प्रा.एस.एल.सी तहको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा फरक पर्न गई वा नतिजा तयारीमा कुनै किसिमको त्रुटी देखिन आएमा सोको जिम्मेवार सम्वन्धित शिक्षण संस्थाहरुनै हुने व्यहोरा समेत जानकारी गराईन्छ । प्रवेश परीक्षावाट सफल मुख्य प्रशिक्षार्थीहरुलाई सम्वन्धित शिक्षण संस्थाहरुले सूचना मार्फत मिति २०७८/०७/१७ गते कार्यालय समयभित्र भर्ना गर्नु पर्ने छ । वैकल्पिक प्रशिक्षार्थीहरुको भर्ना गर्ने क्रममा प्राप्ताङ्क वरावर भएको अवस्थामा सूचनाको वुदा नं ७ मा उल्लेखित गणित, विज्ञान र अंग्रेजी विषयको र सो योग्यता समेत वरावर भएको अवस्थामा सोहि वुदाको 'ई' वमोजिम र उक्त योग्यता/वर्ग समेत वरावर भएको अवस्थामा प्रशिक्षार्थीको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लव्धाङ्क पत्रको उच्चतम अंक र सोको प्राप्ताङ्क समेत वरावर भएको अवस्थामा कक्षा ८ को क्रमश : गणित, विज्ञान र अंग्रेजी विषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम निर्धारण गरी भर्ना गर्नुपर्ने छ । भर्ना भएका प्रशिक्षार्थीहरुको कक्षा सुरु एवं रजिष्ट्रेशन लगायत परिषद् परीक्षा नियन्त्रण कार्यालयवाट जारी सूचना एवं निर्देशन वमोजिम गर्नु गराउनुहुन समेत जानकारी गराईन्छ ।

निर्देशक